आज मिति २०७८ वैशाख १५ गते वुधवार विहान ८:०० वजे मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री विमल आचार्यज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसार निर्णय गरियो :

उपस्थिति :

| | |
|---|---|
| नगर प्रमुख | : श्री विमल आचार्य |
| उपप्रमुख | : श्री मिना उप्रेती |
| अध्यक्ष, वडा नं. १ | : श्री पासाङ्ग तामाङ्ग |
| अध्यक्ष, वडा नं. २ | : श्री तिलक न्यौपाने |
| अध्यक्ष, वडा नं. ३ | : श्री हर्क वहादुर वस्नेत |
| अध्यक्ष, वडा नं. ४ | : श्री नवीन वराल |
| अध्यक्ष, वडा नं. ५ | : श्री योगेन्द्र थापा मगर |
| अध्यक्ष, वडा नं. ६ | : श्री ललित वहादुर तामाङ्ग |
| अध्यक्ष, वडा नं. ७ | : श्री चन्दन मेचे |
| अध्यक्ष, वडा नं. ८ | : श्री विकेन्द्र कुमार धिमाल |
| अध्यक्ष, वडा नं. ९ | : श्री गोपाल खड्का |
| अध्यक्ष, वडा नं. १० | : श्री शुवेश कुमार पनेरु |
| अध्यक्ष, वडा नं. ११ | : श्री सन्तोष कुमार मेचे |
| अध्यक्ष, वडा नं. १२ | : श्री नरेन्द्र धिमाल |
| अध्यक्ष, वडा नं. १३ | : श्री कृष्ण सिग्देल |
| अध्यक्ष, वडा नं. १४ | : श्री शंकर पोखरेल |
| अध्यक्ष, वडा नं. १५ | : श्री गुणराज भट्टराई |
| कार्यपालिका सदस्य | : श्री टिकाराम सार्की |
| कार्यपालिका सदस्य | : श्री लक्ष्मी तामाङ्ग |
| कार्यपालिका सदस्य | : श्री रुपा गुरुङ्ग |
| कार्यपालिका सदस्य | : श्री कृष्ण कनाल |
| कार्यपालिका सदस्य | : श्री पूर्ण मेचे |
| कार्यपालिका सदस्य | : श्री निर्मला परियार |
| कार्यपालिका सदस्य | : श्री विन्दा प्रसाई |
| कार्यपालिका सदस्य | : श्री कुश्मी कुमारी चौधरी |
| सदस्य सचिव | : प्रमुख प्रशासकीय अधिकृत श्री खेमराज ओझा |

आमन्त्रित

प्रमुख, नगर शिक्षा शाखा - श्री - सोमनाथ भट्टराई

निर्णय नं.१

कोभिड-१९ संक्रमण नियन्त्रण कार्यदलको मिति: २०७८ बैशाख १२ गते बसेको बैठकबाट कोभिड-१९ संक्रमण नियन्त्रणका लागि तयार भएको रोकथाम नियन्त्रण मापदण्ड र जिम्मेवारी बाडफाँड सम्बन्धि निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो | साथै नगर कार्यपालिकाको कार्यालयका विभिन्न शाखा तथा अन्य संघ संस्थाबाट सेनिटाइजर, मास्क माग भइ आएकोमा, सचेतना कार्यक्रमका लागि खरिद गरिएको सेनिटाइजर, मास्क मध्येबाट आवश्यकता हेरी नगर कार्यपालिकाको कार्यालय मार्फत स्वीकृत गरि वितरण गर्ने निर्णय गरियो |

निर्णय नं.२

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासी पहिचान र प्रमाणीकरण इकाईको लागि आवश्यक जनशक्ति पदपूर्ति गरि समिति मार्फत पदपूर्ति गरिएकोमा, सोलाई अनुमोदन गर्ने तथा पदपूर्ति गरिएका जनशक्तिको पारिश्रमिक निम्नानुसार निर्धारण गर्ने निर्णय गरियो |

निम्न:

| पद | तलव स्केल |
|---|---|
| सर्वेक्षक | पाँचौको शुरु तलव स्केल |
| अमिन | चौथोको शुरु तलव स्केल |
| लगत प्रविष्टिकर्ता | चौथोको शुरु तलव स्केल |
| सामाजिक परिचालक | चौथोको शुरु तलव स्केल |
| फिल्ड सहायक | श्रेणी विहिनको शुरु तलव स्केल |
| तथ्यांक संकलक | चौथोको शुरु तलव स्केल |

निर्णय नं.३

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासी पहिचान र प्रमाणीकरण इकाईका लागि आवश्यक जनशक्ति माग गरिएकोमा तथ्यांक संकलक १५ जना आवश्यक रहेकोमा १० जनाको मात्र पदपूर्ति समितिबाट सिफारिस भई ५ जना अपुग भएको हुँदा लगत प्रविष्टिकर्ता पदको परिक्षामा वैकल्पिक उम्मेदवारको रुपमा सिफारिस भएका ३ जना र सामाजिक परिचालक पदको वैकल्पिक उम्मेदवारको रुपमा सिफारिस भएका मध्ये पहिलो २ जनालाई गरि जम्मा ५ जनालाई तथ्यांक संकलक पदमा करारमा लिने निर्णय गरियो:

१. नारायण ओली
२. पनप कोइराला
३. सुजन न्यौपाने
४. नविना डाँगी
५. नर्वदा लुइँटेल

निर्णय नं.४

जिल्ला समन्वय समितिको कार्यालय, झापाको मिति: २०७७/०९/०३ च.नं. १७९ को पत्रबाट योजना संसोधनका लागि निम्नानुसार सिफारिस भई आएको हुँदा सिफारिस वमोजिम संसोधन गर्ने निर्णय गरियो |

निम्न:

| क्र.स. | साविक योजनाको नाम, ठेगाना | विनियोजित रकम | संसोधित योजनाको नाम, ठेगाना | विनियोजित रकम |
|---|---|---|---|---|
| १. | आवाज विहिनको लागि आवास कार्यक्रम, मेचीनगर न.पा. | ७९ लाख | आवाज विहिनको लागि आवास कार्यक्रम, मेचीनगर न.पा. | ६९ लाख |
| २. | | | भानुभक्त पुस्तकालय भवन निर्माण, मे.न.पा.-६ | १० लाख |

साथै आवाज विहिनको आवास कार्यक्रमको लक्षित वर्ग प्रतिनिधि सभा सदस्य श्री सुरेन्द्र कु. कार्की ज्यू बाट सिफारिस भई आए वमोजिम उपभिकता समिति मार्फत कार्यन्वयन गर्ने निर्णय गरियो |

निर्णय नं.५

जिल्ला समन्वय समितिको कार्यालय, झापा मिति: २०७७/०९/०३ च.नं. १७९ को पत्रबाट कृषि उत्पादकत्व बृद्धि गर्न सघाउ पुर्याउने आयोजनामा विनियोजित रकम रु. २० लाखबाट निम्न कार्यक्रम संचालन गर्ने गरि शिर्षक स्वीकृत गर्ने निर्णय गरियो |

- सिचाई तथा बोरिंग- १० लाख (माननीय सुरेन्द्र कार्कीज्यूको सिफारिस वमोजिम हुने गरी)
- महेन्द्रद्वार सहकारी मे.न.पा.-६ – १० लाख
  (प्रस्ताव अनुसार)

निर्णय नं.६

नेपाल सरकार, पर्यटन मन्त्रालयबाट मेचीनगर नगरपालिका वडा नं. ११ मा बहुआयामिक सांस्कृतिक संग्राहलय भवन निर्माणका लागि रु. ४० लाख विनियोजन भई आएको हुँदा, उक्त रकमबाट बहुआयामिक सांस्कृतिक संग्राहलय निर्माण गर्न तयार गरिएको विस्तृत परियोजना अन्तर्गत कास्ट कल्चरल हाउसको स्ट्रक्चरल डिजाइन कार्यको निर्माण कार्य उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो |

निर्णय नं.७

चालु आ.व. ०७७/०७८ को स्वीकृत नगर विकास योजना अन्तर्गत कृषि विकास र पशु सेवा कार्यक्रम तर्फ निम्न शिर्षकमा कार्यक्रमहरु कार्यन्वयनका लागि नगर कार्यपालिकाको मिति: २०७७/१०/०७ गतेको निर्णय वमोजिम सुचना प्रकाशन भई पेश भएका माग निवेदक कृषक, कृषक समूह, निजि फर्म, सहकारी लगायतको स्थलगत सर्वेक्षण तथा छनौट समितिले अन्तिम छनौटका लागि सिफारिस भएका लाभग्राहीहरु छनौट सम्बन्धमा मिति: २०७७/१२/२९ गते भएको नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो |

निम्न:

क. कृषि विकास तर्फ:

१. नगदे बाली, फलफुल र तरकारी बालीमा सिचाईमा ८५% अनुदान कार्यक्रम,

२. व्यवसायिक किसानहरुलाई आधुनिक कृषि उपकरण खरिदमा लागत सहभागिताको आधारमा लागतको ५०% अनुदान कार्यक्रम,
३. मौरी पालनको लागि प्रोत्साहन कार्यक्रममा लागतको ५०% अनुदान कार्यक्रम,
४. सहकारी मार्फत वेर्ना उत्पादनमा अनुदान सहयोग कार्यक्रम |

ख. पशु सेवा तर्फ:
१. किसानले तिर्ने रकमको ५०% सम्म पशुपंक्षी विमाको प्रिमियम रकम अनुदान कार्यक्रम,
२. माछाको भुरा खरिदमा लागतको ५०% अनुदान सहयोग कार्यक्रम र माछा पालन प्रोत्साहन कार्यक्रम,
३. बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम,
४. लागत साझेदारीमा गाई प्रवर्धन कार्यक्रम |

निर्णय नं.८

नगर कार्यपालिका कार्यालयबाट विभिन्न मितिमा नगर प्रमुख स्तरीय निर्णयबाट ढुंगा, माटो, बालुवा, भरौटे ढुवानी गर्न र सो मा प्रयोग भएको मेशिन, सवारी साधन प्रयोग अनुमति लाई अनुमोदन गर्ने निर्णय गरियो |

निर्णय नं.९

चेसुंग एण्ड सेसेमा कन्स्ट्रक्सन प्रा.लि. हल्दीवारी गा.पा.-१, हल्दीवारी गोलधाप राजगढ सडक निर्माणको लागि आवश्यक पर्ने ५००० घन मिटर नदिजन्य सामग्री उपलब्ध गराउन मिति: १०७८/०१/१२ मा निवेदन पेश गरेकोमा कार्यालयबाट नदिजन्य खनिज पदार्थ उत्खनन संकलन विक्रीको लागि भएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन अनुसार तोकिएको नाका निन्दा नदि, दोकानडाँडा राजपैनी ५०० मिटर उत्तर, वडा नं. ३ बाट अनुगमन पदाधिकारीहरुबाट अनुगमन गर्ने व्यवस्था मिलाई उत्खनन, संकलन, ढुवानीको लागि पेश भएको मेशिन, सवारी साधन प्रयोग गरी अग्रिम राजश्व जम्मा गराई उपलब्ध गराउने निर्णय गरियो |

निर्णय नं.१०

चारघरे कन्स्ट्रक्सन प्रा.लि. हल्दीवारी गा.पा.-६, झापाले हुलाकि राजमार्ग आयोजनाको ठेक्का मेची पुलबाट झापा चोक सम्म सडक निर्माणको लागि आवश्यक पर्ने ५००० घन मिटर नदिजन्य सामग्री उपलब्ध गराउन मिति: १०७८/०१/१४ मा निवेदन पेश गरेकोमा कार्यालयबाट नदिजन्य खनिज पदार्थ उत्खनन संकलन विक्रीको लागि भएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन अनुसार तोकिएको नाका निन्दा नदि, दोकानडाँडा राजपैनी ५०० मिटर उत्तर, वडा नं. ३ बाट अनुगमन पदाधिकारीहरुबाट अनुगमन गर्ने व्यवस्था मिलाई उत्खनन, संकलन, ढुवानीको लागि पेश भएको मेशिन, सवारी साधन प्रयोग गरी अग्रिम राजश्व जम्मा गराई उपलब्ध गराउने निर्णय गरियो |

निर्णय नं.११

मेचीनगर नगरपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत वजेटको भौतिक पूर्वाधार कार्यक्रमहरु अन्तर्गतको भानुटोलको व्यापारिक भवन, वडा नं ६ शिर्षकमा विनियोजित रकम रु. ७५ लाख निर्माणक्षेत्र खाली गर्न नसकेको कारण योजना संचालन गर्न नसकिएकोले उक्त रकमबाट निम्न योजनामा कार्य गर्ने गरी शिर्षक परिवर्तन गर्ने निर्णय गरियो:

ख. देवकोटा पार्क उत्तर आँखा अस्पताल सम्म सडक कालोपत्र - १० लाख

ग. नेपाल बैंक लि., काकरभिट्टा पछाडी पसल टहरा निर्माण – १८ लाख

**निर्णय नं.१२**

आ.व. २०७६/०७७ को अधिक वर्षाका कारण मेचीनगर-६, वर्मेली टोल भारतीको घर पछाडी पहिरो गइ जमिनको क्षति भएको र थप क्षयीकरणको प्रकोप हुने देखिएको हुँदा मर्मत सम्भार कोषबाट रु. ३ लाख विनियोजन गरी पहिरो रोकथाम नियन्त्रण गर्ने निर्णय गरियो।

**निर्णय नं.१३**

मेचीनगर नगरपालिका को आ.व. २०७७/०७८ को स्वीकृत बजेट अन्तर्गतको सुरेन्द्र मार्ग कल्भर्ट निर्माण वडा नं. ५ र सुरेन्द्रनगर मार्ग योजनालाई बहुबर्षिय योजनाको रुपमा कार्यन्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं.१४**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासी पहिचान र प्रमाणीकरण कार्यक्रममा खटिइने रुजु अधिकारी, फोकल पर्सनको अतिरिक्त सुविधा नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत गरी कार्यन्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं.१५**

सार्थक इन्जिनियरिंग प्रा.लि., वानेश्वरले तयार गरी पेश गरेको मेचीनगर नगरपालिका वडा नं.१० लालपानीमा प्रस्तावित १५ वेडको अस्पताल निर्माणको विस्तृत परियोजना प्रस्ताव र सो परियोजनाको लागत रु. २४,९९,०८,७३८।५४- स्वीकृत गर्ने तथा संघिय सरकारबाट १८,०६,८२,०००।- मात्र विनियोजन भएकोमा, अस्पतालको मुख्य भवन बाहेक अन्य अत्यावश्यक संरचना समेत निर्माण गर्नु पर्ने भएका कारण रकम अपुग हुने देखिएकाले अपुग रकम संघिय सरकारसंग माग गर्ने र माग रकम प्राप्त नभएमा आगामी नगर सभाबाट रकम विनियोजन गर्ने गरी श्रोत सुनिश्चितता गर्ने निर्णय गरियो।

**निर्णय नं.१६**

मेचीनगर नगरपालिका आ.व. २०७७/०७८ को स्वीकृत बजेट भित्रका निम्न शिर्षकहरु निम्नानुसार परिवर्तन गर्ने निर्णय गरियो:

| वडा | स्वीकृत | | संशोधित |
|---|---|---|---|
| ७ | गोमनसरी बाट अरनिको स्कुल जाने बाटो ड्रेन निर्माण | - | गोमनसरी बाट अरनिको स्कुल जाने बाटो प्लम निर्माण |
| १ | इकाई खोप केन्द्र भवन निर्माण | - | स्वास्थ्य कार्यालयमा जाने कल्भर्ट र सडक निर्माण |
| १ | विद्युत पोल खरिद | - | सडक वत्ति विस्तार |

**निर्णय नं.१७**

कोभिड-१९ संक्रमण नियन्त्रणका लागि खटिइने नेपाल प्रहरी, शसस्त्र प्रहरीको लागि आवश्यक पर्ने इन्धन तथा अन्य भौतिक सामग्री माग भई आएमा नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.१८

रोटरी क्लब अफ मेचीनगर बाट मेचीनगर नगरपालिका वडा नं. ६ स्थित मेचीगंगा घाट जाने सिंडीमा रेलिंग र विजुली निर्माण गर्न निवेदन पेश भएकोमा, मर्मत सम्भार कोषबाट ३ लाख विनियोजन गरी उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं.१९

आफन्त नेपाल झापाले मानव वेचविखनको न्यूनीकरणका लागि कार्यक्रम संचालनको अनुमति माग गरेकोमा कार्यक्रम संचालनको अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं.२०

मेचीनगर नगरपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक बजेट अन्तर्गतको महिला शिप विकास केन्द्र, मे.न.पा. ८ मा विनियोजित रकमबाट योजना ठेक्का लगाउँदा बाँकी रहेको रकमबाट महिला शिप विकास केन्द्रको ब्युटीफिकेशन र सोही हाता भित्र बालबालिकाका लागि क्रिडा स्थल र चमेनागृह निर्माण गर्ने र उक्त कार्य उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो।

निर्णय नं.२१

सिमा नाका व्यवस्थापनका लागि शसस्त्र प्रहरी वलको विओपी व्यवस्थित गर्न मेची नदीको पुल दक्षिण तर्फको सार्वजनिक जग्गा उपलब्ध गराउने र विओपीको लागि आवश्यक भवन निर्माण नभए सम्मका लागि मेचीपुल दक्षिण तर्फको मलामी खाजा घर उपलब्ध गराउन सम्बन्धित समितिलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं.२२

मेचीनगर नगरपालिका वडा नं. ७ र ८ बाट वडा कार्यालय र वडा हाता सरसफाईका लागि निम्न कुचिकार नियुक्ति गरी काम गर्न लगाइ रहेकोमा वडाबाट हाजिरी प्रमाणित हुने गरी मासिक रु.६,०००।- पारिश्रमिक दिने गरि कामकाज लगाउने निर्णय गरियो।

वडा नं.७ – रोहित मल्लिक

वडा नं. ८ – दिलिप मल्लिक डुम

निर्णय नं.२३

मेचे समाज शिवियारी आफत, मेचीनगर-११ ले वैशागु वथर कार्यक्रमका लागि पेश गरेको प्रस्तावको आधारमा, आ.व. २०७७/०७८ को स्वीकृत बजेटको प्रस्तावनामा आधारित कार्यक्रम शिर्षक बाट रु. १,००,०००।- स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं.२४

कोभिड-१९ संक्रमण तिव्र भएका कारण संक्रमितको संख्या दिनहुँ बढिरहेको सन्दर्भलाई मध्यनजर गर्दै अर्को निर्णय नभए सम्मका लागि मेचीनगर नगरपालिकाको न्यायिक समितिको इजलास बन्द गर्ने निर्णय गरियो।

निर्णय नं.२५

कोभिड-१९ को संक्रमणबाट संक्रमित भई उपचारको क्रममा रहनु भएका प्रदेश सभाका सांसद माननीय गोपाल चन्द्र बुढाथोकी, यस नगरपालिकाका पुर्व प्रमुख प्रशासकीय अधिकृत श्री महेन्द्र कुमार खाम्याहांग सहित कोभिड-१९ बाट संक्रमित सबै नगरवासीको सिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो।

अन्त्यमा, बैठकका अध्यक्षज्यूबाट बैठक सधन्यबाद समापन गरियो।